प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## पूर्ण शूल्कीय तर्फको स्वास्थ्य कार्यक्रमका रिक्त सिटमा भर्ना प्रक्रियाका लागि पुनः अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८३।०३।०१ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट शैक्षिक शत्र २०८३/०८४ मा संचालन गरिने **डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्यका कार्यक्रमहरुमा** पूर्ण शुल्कीय तर्फ सिटहरु रिक्त रहेको भनी शिक्षालयहरुबाट सूचना प्राप्त भए अनुसार परीक्षा सम्वन्धी विनियमावली, २०८३ बमोजिम रिक्त रहेको सिट संख्या खुलाई सूचना प्रकाशित गरी **अनलाइन आवेदन फाराम** माग गरी भर्ना प्रक्रिया सञ्चालन गर्न **असार मसान्तसम्म** ITMS Online Entry खुला गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस कार्यालयद्वारा मिति २०८३।०१।२८ गते र २९ गते प्रकाशित सूचना अनुसार अनलाइन आवेदन फाराम भरी स्वीकृत भएका आवेदकहरु रिक्त सिटमा भर्ना हुनका लागि पूनः फाराम भर्नु पर्नेछैन । सोही सूचना अनुसार प्रकाशित भएको नतिजाका आधारमा रिक्त सिटमा भर्ना गर्नु गराउनु पर्नेछ ।

**प्रमाणपत्र तह नर्सिङ्ग र मिडवाइफरी कार्यक्रमको अनलाइन आवेदन फाराम यस शैक्षिक शत्रका लागि बन्द गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**